CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१२३

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

३१ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ९०-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र – महेशराज पन्त १–६६

२. काठमाडौँ ह्युगलटोलको कुमारमूर्तिको चित्र ६७

३. काठमाडौँ टेवहालको यक्ष मल्लको पालाको
ने.सं. ५८३ (वि.सं. १५१९) कार्तिकपूर्णिमाको दिन स्थापना गरिएको चन्द्रमूर्तिको चित्र ६८

४. नयराज पन्तको दृष्टिमा वि.सं. २००७–०८ को नेपाल ६ खण्ड
खड्गमानसिंहको बिहे ६९–७०

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह (१–१२ भाग)**	२०॥–
२.	*आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१–२ सङ्ख्या)*	५५॥–
३.	*इतिहास-संशोधन (१–६८ सङ्ख्या)**	३५॥–
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।–
५.	*इनेप्ट् स्पेसिइमिन् ?*	२॥–
६.	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या (१–२ सङ्ख्या)**	५॥–
७.	*गोरखाको इतिहास (१–४ भाग)*	५०॥–
८	*त्रिकोणमिति (ज्योत्पत्ति)*	२।४०
९.	*धादिङ्मा फेला परेका नेपाली कविता*	७।–
१०.	*नेपालको संक्षिप्त इतिहास*	१२।–
११.	*नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य*	५।–
१२.	*पञ्चाङ्ग-संशोधन (१–१७ सङ्ख्या)*	३॥–
१३.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१४.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८॥–
१५.	*पूर्णिमा (१–१२३ पूर्णाङ्क)**	४३९॥–
१६.	*प्राचीन र नवीन गणितको तुलना*	९।–
१७.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५॥–
१८.	*रत्नदीप*	२।५०
१९.	*रत्नदीप १ भाग*	१०।–
२०.	*रत्नदीप २ भाग*	९२–
२१.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७।–
२२.	*लिच्छवि-संवत्‌को निर्णय*	१०॥–
२३.	*विद्या-रक्षा (१–१५ सङ्ख्या)**	५॥–
२४.	*विश्रान्ति*	८२–
२५.	*वृत्तशतक*	३–
२६.	*व्याकरण-संशोधन (१–१० सङ्ख्या)**	३।–
२७.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२–
२८.	*सावधान-पत्र (१–३१ सङ्ख्या)**	१०॥–
२९.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१०॥–
३०.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२।–
३१.	*ह्वट् डिड् अंशुवर्मन् राइद् ?*	४॥–

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन्।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लु आवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९
ई-मेल- samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल- vajrabook@hotmail.com
वेबसाइट- www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल- rpb@wlink.com.np

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(*पूर्णिमा* १२२ पूर्णाङ्कको ६१ पृष्ठपछि)

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र

– महेशराज पन्त

३. यस ताम्रपत्रको मैले दिएको मूलपाठको विषयमा

यस ताम्रपत्रको पाठ एकसरो मूलबाटै पढिए तापनि पाठमा शङ्का उठ्दा मूल ताम्रपत्रको माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्ट हेरेर समाधान गर्ने गरिएकोले तल दिइने मूलपाठ मूल ताम्रपत्रभन्दा त्यसको माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको आधारमा पढिएको पाठ हो भनी भन्नुपर्छ ।

नेवारी लिपिमा सामान्यतया ब र वमा भेद नगरिने र यो ताम्रपत्र पनि त्यसको अपवाद नभएको हुनाले ताम्रपत्रको मूलपाठ दिँदा संस्कृतमा जहाँ **ब** हुन्छ त्यहा **ब** र जहाँ **व** हुन्छ त्यहाँ **व** लेखेको छु र नेवारी खण्डमा पनि उच्चारणको खयाल गरी **ब** र **व** छुट्ट्याएको छु। कुनै नेवारी शब्दमा आएको त्यस अक्षरको उच्चारण **ब** हुन्छ कि **व** हुन्छ भन्ने कुरा मलाई थाहा नहुँदा भने त्यसको पाठ **व** नै दिएको छु। वमा म जोल्टयाई संस्कृतखण्डमा **नेपालसम्वत्सरे** लेखिएकोलाई मूलपाठ दिँदा मैले **नेपालसम्बत्सरे** पढेको कारण त तल (१६९ सङ्ख्याको टिप्पणीमा) खुलाइएको छ ।

तर्कुल्ले हुनुपर्नेमा यस ताम्रपत्रमा ठाउँठाउँमा बर्धन्ने कुँदिएको छ।[१२७] तिनको पाठ जस्ताको तस्तो दिँदा व्याकरणको त कुरै छोडौं, कमसेकम ५ ठाउँमा[१२७क] छन्दोभङ्गसमेत हुने भए पनि यहाँ त्यसको वास्ता राखिएको छैन र मूलमा जे छ त्यही उतारिएको छ ।

४. यस ताम्रपत्रको मूलपाठ

१. ॐ[१२८] ॐ नमः पशुपतये ❀

सून्ये[१२९]न्दुवह्नित्रयलोचनाय ◌ नागेन्द्रकर्ण्णावृतकुण्डलाय ।

वामाङ्ग[१३०] गौरी सह संगताय ◌ श्रीकण्ठकण्ठाय नमः शिवाय ❀

---

१२७. २ पङ्क्तिमा – **पूण्य°** । ३ पङ्क्तिमा – **समूद्देश** । ३-४ पङ्क्तिमा – **स्वर्ग्गपूरं** । ४ पङ्क्तिमा – **बहूधा, समूद्देशित, पूण्येन, सपूत्र°** । ४-५ पङ्क्तिमा – **यूगान्त°** । ५ पङ्क्तिमा – **स्कन्दमूखे, वरूणाभे** । ६ पङ्क्तिमा – **तत्कैलाशपूरं** ।

१२७क. ३-४ पङ्क्तिमा – **स्वर्ग्गपूरं** । ४ पङ्क्तिमा – **बहूधा** । ५ पङ्क्तिमा – **स्कन्दमूखे, वरूणाभे** । ६ पङ्क्तिमा – **तत्कैलाशपूरं** । तल १४३क सङ्ख्याको टिप्पणी पनि हेर्नू ।

१२८. यस ॐ मा दायाँपट्टि यस्तो ☉ भाग छैन ।

१२९. यस्तो रेफको विषयमा महेशराज पन्त २०५७.§ १.६.२ = १००-१०२ हेर्नू ।

१३०. ताम्रपत्र फुटेकोले ङ्गको सामैबाहेकको अक्षरको बीचको भाग, दोस्रो पङ्क्तिको **सौवर्ण्ण°**को **र्ण्ण**को रेफसमेतको सामैबाहेकको अक्षरको बीचको भाग, तेस्रो पङ्क्तिका २ दण्ड ॥ मध्ये अघिल्लो दण्डमा र चौथो पङ्क्तिको **तत्प्रदाना°**को **दा**को कान्नानीमा राम्रै असर पारेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिवङ्गतायाः प्रतिमा ज[१३१]नन्या ० जाम्बूनदा-

२. भाकृतिनिर्म्मितांगा ।

स पूण्यपु[१३२]ण्येन स कृत्रिमेण ० ब्रह्मत्व मोक्षत्व शिवत्व भूयात् ॥

सौवर्ण्णप्रतिबिम्बकान्तिगवरीसंसारदेव्याकृतिं ०

तत्संस्थाप्य कृतामिमां पशुपतेः प्रासादगब्भीलये ।

या-

३. वद्वाशुकिनागक्षेत्र कथितस्तावद्गता वाग्मती ०

शम्भूमाशदृशी यथा भवतु तां शैवे तथा लीयता०[१३३] ॥

नेपालभूखण्ड पवित्रयन्तौ ० श्रीयक्षमल्लौ सह जीवमल्लौ ।

मातुः समूद्देशकृतार्थहितो ० सुच्छ्रद्धया स्व-

४. र्गपूरं नयन्तु ॥

पक्षत्रये ब्राह्मणसत्समीपे ० संकल्पयन्तं बहूधा प्रदानं ।

मातुः समूद्देशित तत्प्रदानाद्ब्रह्मत्व मोक्षत्व शिवत्व भूयात् ॥

दानेन पूण्येन अनेन भूयात् समृद्धिमारोग्य सपूत्रपौत्र० ।

यू-

५. गान्तकल्पान्तगतावधिस्थे ० श्रीराज्यलक्ष्मी भवतु ह्यखण्ड० ॥ ० ॥

---

१३१. जको डिकोमा बायाँपट्टि गाँठो र दायाँपट्टि यस्तो ३ छ ।

१३२. यहाँ अघिल्लो पमा र पछिल्लो पमा उकारको लागि लगाइएको मात्राको आकार फरक छ । यही ताम्रपत्रमा अन्यत्र पमा उकारको लागि लगाइएका २ थरी मात्रा भेटिन्छन् । तिनमा एक थरी अघिल्लो पमा लगाइएको जस्तो (४ पङ्क्तिमा ३ ठाउँमा, ६ पङ्क्तिमा १ ठाउँमा, १० पङ्क्तिमा १ ठाउँमा) र अर्को थरी अर्कै छाँटको (९ पङ्क्तिमा २ ठाउँमा, १२ पङ्क्तिमा १ ठाउँमा, १३ पङ्क्तिमा १ ठाउँमा, १६ पङ्क्तिमा २ ठाउँमा) छ । तर पछिल्लो पमा उकारको लागि लगाइएको भनी माथि चर्चा गरिएको मात्रा यी दुवै थरी मात्रासँग मिल्दैन । खुलाएर भन्नुपर्दा यसमा २ थरी मात्रामा जस्तो छड्के धर्को छैन र पको सामैको पुछारमा दायाँपट्टि छुस्स निस्किएको ज्यादै नै छोटो छड्के चोसो र दायाँपट्टि चाहिँ बायाँ मोडिएको, अहिलेको देवनागरीको तर्कुल्लेको संक्षिप्त रूप भनी भण्डै भण्डै भन्न मिल्ने मात्रा देखिन्छ ।

१३३. यस्तो अनुस्वारको विषयमा महेशराज पन्त र ऐश्वर्यधर शर्मा २०३४:७ मा १६ए टिप्पणी, महेशराज पन्त २०४४:१४-१७ र उही २०५७:§ १.६.१ = १०० मा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नादे स्कन्दमूखे ह्यनगविशिखे नेपालसम्बत्सरे
मासादौ शितसप्तमीवरूणभे योगेशनौ गीस्पतौ ।
हाहाकार कृतं जनस्य निखि-
६. लं संत्यक्त लक्ष्म्यास्पदं[१३४]
तत्कैलाशपूरं जगाम दिवसे संसारदेवीति सा ०

संसारदेवी ठकुरिणीस प्रतिमा[१३५] गौरीसके दिनप्रति अखण्ड याङन जोगारपे[१३६] भोजा के कुहछिन थुया जा

७. अमस छता क्यं स्वंता चि चेकन थ्वतेन त्यवत्या के हांने[१३७] थ्व भोजा गौरीसके ह्ङव ताव संसारदेवी ठकुरिणीसतं ह्लिठंङ दुखि देशांतरी सुद्धा पोओ बिये यिनकोया मेस धरि पाटछि १

८. फलके कूहछि १ थ्व निसराव गौरीसके ह्ङव ताव संसारदेवी ठकुरिणीसतं ह्लिठंङाव हयिं लावड पालन बिये यिनकोयातं मेतं चिकन अष्टाछि १ गौरीसकेवो पशुपतिसकेवो

९. संसारदेवी ठकूरिणीसतं ह्लिठंङाव ह्लिथांवुं मेतां बियाव छोयके ठिंसला पुनिशि कोह्नु इहमंढे त्यवछि केन द्वाको छोङाव येंने प्वस पुनिशि कोह्नु स्वाटमंढे त्यवछि केन द्वाको छोङाव

१०. येंने दिनक्षयसंक्रांति कोह्नू हामलजा घेर साषर थ्वतेन फंछि केन द्वाको येंने चितला पूनिशि कोह्नु चाकुमंढे त्यवछि केन द्वाको येंने पसादचवदश कोह्न डोनयेला चतावमंढे त्य-

११. वछि केन द्वाको छोङाव येंने चंगुणिला विश्वसंक्रांति कोह्नु चतावमंढे त्यवछि केन द्वाको छोङाव येंने कहवह सिठिं कोह्नु कहवहमंढे त्यवछि केन द्वाको छोङाव येंने गुणिला

१२. पुनिशि कोह्नु ध्वरपमंढे टुलिटला क्यं त्यवछि केन द्वाको येने महनि नवमि कोह्नु छ्वसला-

---

१३४. यहाँ एउटै अक्षरमा २ थरी अनुस्वार हालिएको छ ।

१३५. म र सामैको बीचमा हुने तेर्सो धर्को कमसेकम रीडर प्रिन्टमा देखिँदैन ।

१३६. रपा वा रपावाट आएका अरू प्रत्ययको लागि गौतमवज्र वज्राचार्य २०२२ हेर्नू । यक्ष मल्लको पालाका अरू लेखमा आएको रपे प्रत्ययको लागि तल २०३ सङ्ख्याको टिप्पणी हेर्नू ।

१३७. यस ताम्रपत्रमा एक ठाउँमा (१७ पङ्क्तिमा- तया) छोडेर सर्वत्र एकारान्त क्रियाको प्रयोग भएको छ । एकारान्त क्रियाको पटक पटक प्रयोग भएको एउटा लेखोटको लागि महेशराज पन्त २०३७:२०-२१ हेर्नू । एकारान्त क्रियाको विषयमा योगेश राज २०६२ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वो फलकेवोन फंछि केन द्वाको येंने सुखरात्रि कोह्नु धरिख्यं कस्तिधाज्य[१३८] साषर माठ-

१३. लडुवा थ्वतेन नेफा केन द्वाको येंने जुधान पुनिशि कोह्नु सके माङा दुदुदाया फंछि केन द्वाको येंने भोजा निसराव बांहिकन थ्वतेतावुं को शीपघाट लिस्यें यंने गौरीसके ह्डव

१४. ताव संसारदेवी ठकुरिणीस ह्निठंङाव दुखी देशांतरी बिये पाशुपतिस स्नान याको ह्नावुं संसारदेवी ठकुरिणीसतं ह्निठंङन ह्निन स्वं पोल धारे गाडु ढालरपे दं संवच्छली

१५. कोह्नु दंस दंशवुं स्वंकन क्वाक्वन सेले सेले धुनङाव गौरीट्वंनो पाशुपतिट्वंनो पंचामृतन स्नान याये धरि दुदु घेर कस्तिन दम्मछि १ साषर दम्मछि १ स्वान ङचाङ छाये दम्म-

१६. छि १ दक्षिणा गौरीसतं पाशुपतिसतंन दम्मछि १ दक्षिणा पुजावारीयातं दम्मछि १ ह्नस दामन लिं पीट ङचाङाव गावो पाटावो हेले थ्वते धुनङाव पुजावारी द्वाकोवुं भंडिरि

१७. द्वाकोवुं ब्यष्ट द्वाकोवुं गुठि द्वाकोवुं मुङन भोज याये धरि फलके लाव जिमछ दाम ११ हाने थ्व समस्ता वसपेयातां आय दुंतं तया मागल को बूया गंग्व वा पं ङय

१८. पं ५० धारे प्यंड काये ननिसालया बढंदाम शिवका पि ४ धारे काये बू रोव १६ स्वाढ-गाह को बू रोव ३ वंधबू बू रोव १५ कांड्वंको बू रोव ११ वंटाबू बू रोव ९ स्वा-

१९. ढगाह बू रोव १२ पेकबहार को बू रोव ३ पेकबहार को बू रोव ९ स्वाढगाह थ्वते आयस लोभा-मोहोन ग्रासरपो[१३९] द्वा काले आयन गाक्व थ्यं चोस्यं तकोतावूं गुठि-

२०. न मनिस्तरप काले श्रीश्रीश्रीपाशुपतिस निग्रह लाक्व जुरोव्रू दिवंगत मामो देवीस उदेसन श्रीश्रीजयजक्ष मलदेव प्रभु ठाकूरसन श्रीश्रीजयजीव मलदेव प्र-

---

१३८. सिद्धिहर्ष वज्राचार्यदेखि सबैले यस अक्षर ह्ग्ग लाई ज्य पढेका छन् । यस संयुक्ताक्षरलाई ५ पङ्क्तिको श्रीराज्यलक्ष्मीको ज्य ह्ग्ग सँग दाँज्दा यो अलि फरक देखिन्छ । खुलाएर भन्दा
अघिल्लोको घाँटी दायाँ फर्किएकोमा यसको घाँटी अलि बायाँ फर्किएको छ । अघिल्लोमा घाँटीपछि जको आकार स्पष्टै देखिन्छ र जको दाहिनेपट्टिको भाग बाङ्गिँदै यको सामैसँग जोडिएको छ । यसमा भने घाँटीमुनि रहेको अक्षरको भाग नबाङ्गिईकनै यको सामैसँग जोडिन गएको छ र यको मुनि बायाँपट्टि, दायाँपट्टिवाट उठेको अक्षरको अंश देखिन्छ । दुवै संयुक्ताक्षरमा पछिल्लो अक्षरमा जोडिन गएको, अघिल्लो अक्षरको पुच्छरको भाग भने उस्तै छ भने हुन्छ । यसो हेर्दा यो अक्षर यमा ह भुण्डयाइएको हो कि जस्तो पनि लाग्छ । त्यसो भनूँ भने पनि ५ पङ्क्तिको ह्यखण्डको ह्य ह्ग्ग र ५ पङ्क्तिकै ह्यनगको ह्य ह्ग्ग सँग यो अक्षर ठ्याम्म मिल्दैन । कुरा के हो भने ती २ वटा ह्यमा हामीले खुट्ट्याउन नसकेको अक्षरमा भएको यको मुनि बायाँपट्टि, दायाँपट्टिवाट उठेको अक्षरको अंश छैन ।

१३९. यक्ष मल्लको पालाका अरू लेखमा आएको रपो प्रत्ययको लागि तल २०४ सङ्ख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१. भु ठाकूरसन ॥ उभयस्यं दूंता जुरोङ्क अंनदान आदिन ॥ थ्वतेता दानया फलन ॥ माम संसारदेवी ठकूरिणि-
द्वं ॥ शिवलोक विष्णुलोक संप्राप्तो भवंतु ॥ भोजा येंने भो पा-

२२. टछि १ मेत थंङ येने ॥ कंस बांडलठु पाटछि १ निसराव येने ॥ सं भोचा पाटछि १ कंस सोपारि ट्वाकछि
१ थ्वते गुठियाके च्वंगव ॥ ० ॥ शुभमस्तु सर्व्वजगतां ॥ ० ॥

(दायाँ फट्केमा तलबाट २१ पङ्क्तिको हाराहारीबाट उठाई तेर्सो पारेर सानो अक्षरमा)

गाडु ढालरपेयातं दि ॥ बु रोव १२ स्वाढगाह ॥ लावड हयिं आदिन ॥ पुजावारी द्वाकोस्तङ्क्ष ॥

५. यस ताम्रपत्रको संस्कृतभाषाको विषयमा

यक्ष मल्ल र जीव मल्लको यो ताम्रपत्र उनीहरूका बाजे स्थितिराज मल्ल र बाबु ज्योतिर् मल्लको अभिलेखभन्दा २ कुरामा फरक छ। उनका बाबु[१४०]बाजे[१४१]का कुँदिएका लेख पूरै संस्कृतमा छन्। यो

१४०. ज्योतिर् मल्लको ने.सं. ५३३ (वि.सं. १४६९) माघशुक्लत्रयोदशीको शिलापत्र छाप्दा भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर (१९३७:१८३-१८४)ले यस शिलापत्रको अन्त्यतिर नेवारीमा लेखिएको छ, त्यो खण्ड यहाँ छापिएको छैन* भनी लेखेका छन् र यस शिलापत्रको उनीहरूले प्रकाश गरेको सबभन्दा पछिल्लो वाक्य यस्तो छ –

संवत् ५३३ माघ शुक्लत्रयोदशी पुनर्वसुनक्षत्रे प्रीतियोगे आदित्यवारे।

नरहरिनाथ (२०१०:६९-७१)ले यस शिलापत्र छाप्दा यसको अन्तिम वाक्य यसरी दिएका छन् –

१ संवत् ५३३ माघशुक्ल त्रयोदशी पुनर्वसुनक्षत्रे प्रीतियोगे आदित्यवारे मिथुन चन्द्र ॥ शुभमस्तु ॥

यस शिलापत्रको डिल्लीरमण रेग्मी (२०२३:१ खण्ड ४७-५० = ४७ सङ्ख्या)ले प्रकाश गरेको पाठको पनि अन्तिम वाक्य नरहरिनाथको जस्तै छ, खालि नरहरिनाथको प्रीतियोगेलाई प्रतियोगे, आदित्यवारेलाई आदित्यवार र शुभमस्तुलाई शुभममस्तु उनले बनाइदिएका छन्।

यस शिलापत्रको गोविन्द टण्डन (२०५६:१२२-१२४ = अभिलेखखण्ड (क)को ३ परिशिष्ट)ले प्रकाश गरेको पाठको अन्तिम वाक्य वस्तुतः नरहरिनाथको जस्तै छ र खास फरक भने नरहरिनाथले नक्षत्र योग र वारमा संस्कृतको सप्तमीको एकवचनअनुसारको पाठ दिएकोमा गोविन्द टण्डनको पाठमा त्यस्तो रूप छैन –

ॐ संवत् ५३३ माघशुक्लत्रयोदशी पुनर्वसुनक्षत्र प्रीतियोग आदित्यवार मिथुन चन्द्र। शुभमस्तु

भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरले दिएको पाठअनुसार नक्षत्र योग वार सबै सप्तमीको एकवचनमा छ, खालि महीना पक्ष र तिथि बुझाउने शब्दको मात्र रूप चलाइएको छैन। नरहरिनाथको यस वाक्यको पाठमा भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरको पाठमा नभएको, चन्द्रमा कुन राशिमा छन् भनी बुझाउने शब्द पनि परेको छ। नरहरिनाथको पाठ मान्ने हो भने महीना पक्ष र तिथि बुझाउने समस्तपदको र चन्द्रमा कुन राशिमा छन् भनी बुझाउने शब्दको पनि रूप चलाइएको छैन, नक्षत्र योग र वार बुझाउने शब्दको मात्र रूप चलाइएको छ। गोविन्द टण्डनको पाठ मान्ने हो भने यस वाक्यमा कुनै शब्दको पनि रूप चलाइएको छैन। अर्को शब्दमा भन्ने हो भने भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरको तथा नरहरिनाथको

* ल्याङ्ग्विज् भेर्इ इन्करेक्ट् सन्स्कृत्, यान्ड् टुवर्ड्ज् दि एन्ड् निवारी। निवारी पोर्शन् नट् कपिइड्।

(भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर १९३७:१८३)

(भाषा – ज्यादै अशुद्ध संस्कृत र अन्त्यतिर नेवारी। नेवारी खण्ड [यहाँ] सारिएको छैन।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताम्रपत्र भने संस्कृत र नेवारीमा छ। यक्ष मल्लका कुँदिएका लेखमध्ये देवभाषा र लोकभाषाको प्रयोग भएको दोस्रो उदाहरण[१४२] यो बन्न गएको छ।

छोटो रूपमा लेखिएका मङ्गलाचरण र आशीर्वचन छोडेर यस ताम्रपत्रको संस्कृत जति पद्यमा[१४३] र नेवारी जति गद्यमा छ। अझ खुलाएर भन्ने हो भने यहाँ ७ वटा पद्य छन्; तिनमा पहिलो चौथो र पाँचौँ श्लोक इन्द्रवज्रामा, दोस्रो र छैटौँ[१४३क] उपजातिमा र तेस्रो र सातौँचाहिँ शार्दूलविक्रीडितमा छन्दोवद्ध छन्।

तर्कुल्ले हुनुपर्ने ठाउँमा यस ताम्रपत्रमा ठाउँठाउँमा बर्धन्ने छ र त्यसबाट छन्दोभङ्ग हुन गएको छ भनी माथि (§ ३ को तेस्रो कण्डिकामा) लेखिसकिएको छ। दीर्घ हुँदा छन्दमा असर पर्ने यस्तो गल्ती यस ताम्रपत्रको पाठ जसले तयार गरे, तिनले नगर्ने हुनाले यस्तो गल्ती ताम्रपत्र कुँद्नेको हो भनी सहजै भन्न सकिन्छ।[१४४] त्यसै गरी यावद्सँगै आएको तावद्को वमा लगाइएको बर्धन्ने (३ पङ्क्तिमा) पनि ताम्रपत्र कुँद्नेले गरेको गल्ती हो भनी भन्नुपर्छ।

पाठ मान्दा भने यो वाक्य अशुद्ध संस्कृतमा लेखिएको हुन जान्छ र गोविन्द टण्डनको पाठ मान्दा भने यही वाक्य लोकभाषाको हुन जान्छ। यस कारण एउटा मात्र त्यो वाक्य लोकभाषाको भए पनि ज्योतिर् मल्लको यो शिलापत्र संस्कृतमा छ भनी भन्दा त्यति विदि फरक पर्दैन।

भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरपछि जजसले यो शिलापत्र छपाए ती सबैले एकैमुखले यस शिलापत्रको समग्र पाठ मिति भएको त्यही वाक्यमा टुङ्ग्याएकाले यसपछि नेवारी भाग छ भनी यस शिलापत्रका आद्य सम्पादकले भ्रमवश लेखेको हुनुपर्छ। मूल शिलापत्र मैले हेरेको छैन।

१४१. स्थितिराज मल्लको ने.सं. ५०८ (वि.सं. १४४४) मार्गशुक्लदशमीको शिलापत्र।[1]

१४२. यसको पहिलो उदाहरण भक्तपुर टौमढीटोलको ने.सं. ५६० (वि.सं. १४९७) ज्येष्ठशुक्लदशमीको शिलापत्रमा पाइएको छ।[2]

१४३. नेवारीमा अंनदान आदिन ൭ थ्वतेता दानया फलन ൭ माम संसारदेवी ठकुरिणिद्वं ൭ लेखिसकेपछि संस्कृत गद्यमा शिवलोक विष्णुलोक संप्राप्तो भवंतु ꣼ (२१ पङ्क्ति) लेखी वाक्य टुङ्ग्याइएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।

१४३क. यस श्लोकको तेस्रो पाउको उठानमा यूगान्त कुँदिएकोले र अरू तीनै पाउको पहिलो वर्ण गुरु भएकाले यस श्लोकको वृत्त इन्द्रवज्रा हो भनी भन्न सकिए तापनि अन्त अन्त जस्तै यहाँ पनि तर्कुल्लेको ठाउँमा बर्धन्ने कुँद्न पुगेको देखिएकोले[3] यसको वृत्त इन्द्रवज्रा नभई उपजाति हो भनी माथि लेखिएको हो।

१४४. नेवारी खण्डमा पनि एउटै अक्षरमा कहीँ तर्कुल्ले र कहीँ बर्धन्ने लेखिई[4] एउटै शव्दका २ रूप[5] देखिन गएका छन् –

६, ७, ८ पङ्क्तिमा, १४ पङ्क्तिमा २ पटक – ठकुरिणी॰। ९ पङ्क्तिमा – ठकूरिणीसतं। २१ पङ्क्तिमा – ठकूरिणि-द्वं। ९ पङ्क्तिमा २ पटक, १२, १३ पङ्क्तिमा – पुनिशि। १० पङ्क्तिमा – पूनिशि।

---

१. बाबुराम आचार्य र नयराज पन्त २०१०:४६-४८।

२ महेशराज पन्त छापिन बाँकी:१ सङ्ख्या।

३. माथि १२७ सङ्ख्याको टिप्पणी हेर्नू।

४. एउटै धातुबाट बनेका पदमा एकपल्ट तर्कुल्ले र अर्कोपल्ट बर्धन्ने लागेको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ – १७ पङ्क्तिमा – दुंतं, २१ पङ्क्तिमा – दूंता।

५. १० पङ्क्तिमा आएको कोह्वचाहिँ ह्वमा उकार छुटेको रूप हो भनी भनिरहनुपर्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रेफदेखि व्यञ्जन पर हुँदा व्यञ्जनको द्वित्व विकल्पले हुन्छ भन्ने कुरा भनिरहनुपर्दैन । यस ताम्रपत्रमा रेफदेखि व्यञ्जन ६ ठाउँमा पर भएकोमा ५ ठाउँमा द्वित्व गरिएको छ[१४५] र १ ठाउँमा अर्थात् रेफदेखि य पर हुँदा त्यसको द्वित्व गरिएको छैन[१४६] । रेफदेखि पर रहेको यको डिकोमाथि रेफ नहाली यहाँ अर्कै ढङ्गले अर्थात् यको अधिल्तिर रेफ जोडिएको छ र यसरी रेफ जोड्दा अन्त अन्त पनि यको द्वित्व गरेको नदेखिएको कुरा[१४७] यस प्रसङ्गमा भन्नुपर्छ ।

परसवर्ण गर्नैपर्ने अवस्था यस ताम्रपत्रमा १८ ठाउँमा आएकोमा १५ ठाउँमा परसवर्ण गरे[१४८] पनि आम तर अशुद्ध चलन[१४९]अनुसार अपवादको रूपमा ३ ठाउँमा अनुस्वार हालिएको छ[१५०] । परसवर्ण विकल्प भएको ठाउँमा चाहिँ ४ ठाउँमा परसवर्ण नगरिएको[१५१] र २ ठाउँमा परसवर्ण गरिएको[१५२] छ, पदान्तमा चाहिँ कहीँ पनि परसवर्ण गरिएको छैन[१५३] ।

---

९ पङ्क्तिमा २ पटक, १० पङ्क्तिमा, ११ पङ्क्तिमा २ पटक, १२ पङ्क्तिमा ३ पटक, १३ पङ्क्तिमा, १५ पङ्क्तिमा – **कोह्नु** । १० पङ्क्तिमा – **कोह्नू** ।

१४५. १ पङ्क्तिमा – **कर्ण्णावृतकुण्डलाय** । २ पङ्क्तिमा – **°निर्म्मितांगा,[१] सौवर्ण्ण°, °गब्भालये[२]** । ३-४ पङ्क्तिमा – **स्वर्ग्ग°** ।

१४६. १ पङ्क्तिमा – **सूर्य्येन्दु°** ।

१४७. महेशराज पन्त २०५७:§ १.६.२ = १००-१०२ ।

१४८. १ पङ्क्तिमा – **सूर्य्येन्दु°, नागेन्द्र°, °कुण्डलाय, वामाङ्ग, श्रीकण्ठ°, °कण्ठाय, जाम्बूनदा°** । २ पङ्क्तिमा – **प्रतिबिम्ब°, °कान्ति°** । ३ पङ्क्तिमा – **भूखण्ड** । ४ पङ्क्तिमा – **°कल्पयन्तं** । ४-५ पङ्क्तिमा – **यूगान्त°** । ५ पङ्क्तिमा – **कल्पान्त°, ह्यखण्ड<u>ऽ</u>, स्कन्द°** ।

१४९. यस्तो चलनको विषयमा महेशराज पन्त २०५७:§ १.४.८ = ९७ मा अलिकति लेखिएको छ ।

१५०. १ पङ्क्तिमा – **°निर्म्मितांगा** । ५ पङ्क्तिमा – **ह्यनंग[३]** । २१ पङ्क्तिमा – **भवंतु** ।[४]

१५१. १ पङ्क्तिमा – **संगताय** । ४ पङ्क्तिमा – **संकल्पयन्तं** । ६ पङ्क्तिमा – **संत्यक्त** । २१ पङ्क्तिमा – **संप्राप्तो** ।[५]

१५२. १ पङ्क्तिमा – **दिवङ्गताया** । ३ पङ्क्तिमा – **शम्भूमा°** ।

१५३. ३-४ पङ्क्तिमा – **स्वर्ग्गपूरं[६] नयन्तु** । ४ पङ्क्तिमा – **°कल्पयन्तं बहूधा** । ५ पङ्क्तिमा – **कृतं जनस्य** । ६ पङ्क्तिमा – **तत्कैलाशपूरं[६] जगाम** ।

---

१. परसवर्ण नगरी अशुद्ध तर आम चलनअनुसार तामा अनुस्वार हालेको विषयमा १५० सङ्ख्याको टिप्पणीमा लेखिएको छ ।

२ महाप्राण भ्को द्वित्व हुँदा अधिल्लो भ् नियमानुसार यहाँ अल्पप्राण भएको हो भनी भनिरहनु नपर्ला ।

३. मूलमा ह्यनग छ । यस ताम्रपत्रको पाठ तयार गर्नेले परसवर्णनियमको अनुसरण नगरी आम तर अशुद्ध चलनअनुसार नमा अनुस्वार हालेको र ताम्रपत्र कुँद्नेले त्यो अनुस्वार छुटाएको देखिन्छ ।

४. नेवारी खण्डमा आएका संस्कृत शब्दमा पनि नित्य परसवर्ण गर्नुपर्नेमा एक ठाउँमा छोडेर – ४ पङ्क्तिमा **अखण्ड** – अन्यत्र परसवर्ण गरिएको छैन–
७, १४ पङ्क्तिमा – **देशांतरी** । १०, ११ पङ्क्तिमा – **°क्रांति** । १५ पङ्क्तिमा – **पंचामृत°** । २१ पङ्क्तिमा – **अंनदान** ।

५. परसवर्ण विकल्प भएको ठाउँमा नेवारी खण्डमा आएका संस्कृत शब्दमा परसवर्ण गरिएको छैन–
१०, ११ पङ्क्तिमा – **संक्रांति*** । २० पङ्क्तिमा – **दिवंगत** ।

६. तर्कुल्ले'लाउनुपर्नेमा वर्धन्ने लाएको कुरा § ३ को ३ कण्डिकामा परिसकेको छ ।

---

* परसवर्ण नगरी अशुद्ध तर आम चलनअनुसार क्रामा अनुस्वार हालेको विषयमा यही पृष्ठमा माथि ४ सङ्ख्याको उपटिप्पणीमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*शिवपञ्चाक्षरस्तोत्र*को पहिलो श्लोक

नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय महेश्वराय ।
नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय नमः शिवाय ॥

को प्रभावमा यस ताम्रपत्रको पहिलो श्लोक

सूर्य्येन्दुवह्नित्रयलोचनाय ० नागेन्द्रकर्ण्णावृतकुण्डलाय ।
वामाङ्ग गौरी सह संगताय ० श्रीकण्ठकण्ठाय नमः शिवाय ॥

लेखिएको जस्तो देखिन्छ[१५४] तापनि यस ताम्रपत्रको पाठ जसले तयार गरे, भाषामा तिनको पकड नभएको कुरा यसै श्लोकबाट पनि स्पष्ट झल्कन्छ ।

लिच्छविकालका लेखमा नेपालको एउटा अतिप्रसिद्ध नदीको नाउँ **वाग्वती**[१५५] लेखिएकोमा त्यसपछिका, यस ताम्रपत्रभन्दा अगाडि[१५६] र पछाडिका नेवारराज्यका लेखमा[१५७] जस्तै यहाँ (३ पङ्क्तिमा) पनि **वाग्मती** नै

१५४. यस विषयमा देविचन्द्र श्रेष्ठबाट मेरो दृष्टि तानिएको हो ।

१५५. [शक]संवत् ३९९ (वि.सं. ५३५) आषाढशुक्लदशमीको शिलालेखको ४ पङ्क्तिमा– **वाग्वतीपारप्रदेशे** ।[१]
[शक]संवत् ४९५ (वि.सं. ६३०/६३१) को[२] शिलालेखको २ पङ्क्तिमा– **वाग्वत्या मणिमत्याश्च सन्धिदेशे** ।[३]
[प्रथम] शिवदेवको चाँगुनारायणको, मिति फुटेको शिलापत्रको १२ पङ्क्तिमा– **वाग्वत्या** ।[४]
[मानदेव]संवत् ३२ (वि.सं. ६६६) आषाढशुक्लत्रयोदशीको शिलापत्रको १२ पङ्क्तिमा– **वाग्वतीपारदेवस्य** ।[५]
[मानदेव]संवत् ८३ (वि.सं. ७१७) भाद्रशुक्लषष्ठीको शिलापत्रको ८ पङ्क्तिमा– **पशुपतौ वाग्वतीपूर्वकूले** ।[६]
[मानदेव]संवत् १०३ (वि.सं. ७३७) ज्येष्ठशुक्लसप्तमीको शिलापत्रको १२ पङ्क्तिमा– **वाग्वतीनदी°** ।[७]
[मानदेव]संवत् १०३ (वि.सं. ७३७) ज्येष्ठशुक्लत्रयोदशीको शिलापत्रका २७-२८ पङ्क्तिमा– **ब्रह्मतीर्थसंवेद्यन्नदी-वाग्वतीपूर्व्वमनुसृत्य** ।[८]

१५६. उदाहरणको लागि
गोपालराजवंशावली १७ क पत्रको ५ पङ्क्तिमा– **वाग्मतीतीरे** ।
ने.सं. ५३३ (वि.सं. १४६९) माघशुक्लत्रयोदशीको ज्योतिर् मल्लको शिलापत्रको २ पङ्क्तिमा– **श्रीवाग्मत्यास्तटान्ते** ।[९]

१. धनवज्र वज्राचार्य २०३०:५०-५१ = १० सङ्ख्या ।
२. मूलमा साल मात्र दिइएको छ ।
३. धनवज्र वज्राचार्य २०३०:२११ = ५३ सङ्ख्या ।
४. उही:२३३-२३४ = ५८ सङ्ख्या ।
५. उही:३२०-३२१ = ७७ सङ्ख्या ।
६. उही:४८१-४८२ = १२८ सङ्ख्या ।
७. उही:४९६-४९७ = १३३ सङ्ख्या ।
८. उही:४९९-५०१ = १३४ सङ्ख्या ।
९. गोविन्द टण्डन २०५६:१२२-१२४ = अभिलेखखण्ड (क)को ३ परिशिष्ट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेखिएको छ। **वाच्** शब्ददेखि **मतुप्** प्रत्यय लाग्दा मकारको ठाउँमा वकार आदेश भई भई स्त्रीलिङ्गमा **ङीप्** प्रत्यय आई **वाग्वती** रूप बन्ने भएकोले **वाग्मती** अशुद्ध हो भनी भनिरहनुपर्दैन ।[१५८]

यक्ष मल्लका बाबुबाजेका कुँदिएका लेखको दाँजोमा यस ताम्रपत्रको संस्कृतभाषा निकै तल्लो तहको छ भन्ने कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ। अझ खुलाएर भन्ने हो भने यिनका बाबुको लेख यिनका बाजेको लेखभन्दा भ्रष्ट छ[१५९] र यिनको लेख त धेरै नै भ्रष्ट छ।

यस ताम्रपत्रको संस्कृतभाषामा सन्धि, समास, लिङ्ग, विभक्ति, वचन आदि प्रशस्त बिग्रिएको छ। यस विषयमा केही लेख्नु अप्रासङ्गिक नहोला।

---

१५७. उदाहरणको लागि
ने.सं. ५९१ (वि.सं. १५२७) माघशुक्लनवमीको शिलापत्रको ४ पङ्क्तिमा– **वाग्मत्याः सविधे** ।[1]
ने.सं. ७९६ (वि.सं. १७३३) वैशाखकृष्णत्रयोदशीको दिन सारिसिद्धचाइएको *हिमवत्खण्ड*को पुष्पिकाको ११ श्लोकमा **वरवाग्मतीशुचिजलस्नानातिपूताकृति°** ।[२]

१५८. पाश्चात्य ढङ्गमा भारतमा लेखिएको सबभन्दा पहिलो संस्कृत कोष अर्थात् *शब्दकल्पद्रुम*मा **वाग्वती** नचढी **वाङ्मती** चढेको छ र त्यो रूप सिद्ध गर्न **वाच् + मतुप्**। **ङीप्** (राधाकान्तदेव १९४३ (२०२४):**वाङ्मतीमा**) लेखिएको छ। **वाच्**देखि **मतुप्** प्रत्यय लाग्नेबित्तिकै **झयः** (*अष्टाध्यायी* ८।२।१०)ले मकारको ठाउँमा वकार आदेश हुन्छ र **वाग्वती** रूप बन्छ। **वाच्**देखि अनुनासिकादि **मय** मात्र **मुख** जस्ता प्रत्यय पर हुँदा मात्र **यरोऽनुनासिकेऽनुनासिको वा** (*अष्टाध्यायी* ८।४।४५)लाई बाँधेर **यरोऽनुनासिके प्रत्यये भाषायां नित्यवचनम्** (*अष्टाध्यायी* ८।४।४५ मा *वार्तिक*)ले नित्य अनुनासिक हुन्छ भन्ने कुरा त्यो कोष तयार गर्नेले सम्झन नसकेको यतावाट स्पष्ट हुन्छ। त्यसैको अनुसरण गरेर होला, पाश्चात्य ढङ्गमा भारतमा लेखिएको अर्को प्रसिद्ध संस्कृत कोष *वाचस्पत्य*मा पनि **वाङ्मती** नै चढाइएको छ, **वाग्वती** चढेको छैन (राधाकान्तदेव २०२६ क: **वाङ्मतीमा**)।
ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ (१९२८:**वाग्वन्त्मा**)को कोषमा **वाग्वती** शब्द त चढेको छैन, तर *ऐतरेयब्राह्मण*को आधारमा यस शब्दको पुंलिङ्गी रूप चढेको छ। मोनियर मोनियर-विलियम्ज (१९५६:**वाग्भित्र वाग्वत्**)को कोषमा ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथको कोषमा जस्तै *ऐतरेयब्राह्मण*को आधारमा त्यस शब्दको पुंलिङ्गी रूप चढेको छ र त्यहाँ थप *वाग्वती-तीर्थ-यात्रा-प्रकाश* भन्ने पुस्तकको उल्लेख छ।
फणीन्द्रप्रसाद पाण्डेय (२०५७:**वाग्वतीमा**)को कोषमा **वाग्वती** शब्द चढेको छ। **वाङ्मती** रूपको प्रामाणिकता देखाउन *शब्दकल्पद्रुम*मा *वराहपुराण*बाट जुन श्लोकको उद्धरण गरिएको छ,[३] त्यही श्लोकको उद्धरण यस कोषमा पनि गरिएको छ र रूप भने **वाङ्मती** नभई **वाग्मती** भएको चाखलाग्दो छ।

१५९. भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलरले ज्योतिर् मल्लको शिलापत्रको संस्कृतलाई ज्यादै नै अशुद्ध संस्कृत भनी लेखेका छन्।[४] हुन पनि खुद उनकै नाउँ **जोतिमल्ल** लेखिएको र **पट्टवन्तः**, **समाराधयित्वा** जस्ता पद त्यहाँ

---

१. उही:१३४-१३६ = अभिलेखखण्ड (क)को ६ परिशिष्ट।
२. महेशराज पन्त २०३५:२३-२६।
३. *वाचस्पत्य*मा पनि कहाँबाट उद्धरण गरिएको हो भन्ने कुरा नखुलाई त्यही श्लोकका अघिल्ला २ पाउको उद्धरण गरिएको छ र त्यहाँ **वाङ्मती** रूप छ।
४. माथि ५ पृष्ठमा * उपटिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुस्वार टुटाएको[१६०]

२, ४ पङ्क्तिमा ब्रह्मत्व मोक्षत्व[१६१] शिवत्व भूयात्।

३ पङ्क्तिमा °क्षेत्र कथित°, भूखण्ड पवित्रयन्तौ। ६ पङ्क्तिमा संत्यक्त लक्ष्म्यास्पदं।

विसर्ग टुटाएको[१६२]

३ पङ्क्तिमा °हेतो सुछ्रद्धया[१६३]। ५ पङ्क्तिमा हाहाकार कृतं[१६४]।

२१ पङ्क्तिमा विष्णुलोक[१६५] संप्राप्तो भवंतु[१६६]।

श ष सको खयाल नराखेको

ष् लेख्नुपर्नेमा स् लेखेको – ५ पङ्क्तिमा गीस्पतौ[१६७]।

स् लेख्नुपर्नेमा श् लेखेको – २-३ पङ्क्तिमा यावद्वाशुकि°। ३ पङ्क्तिमा °शदृशी। ५ पङ्क्तिमा शितसप्तमी। ६ पङ्क्तिमा तत्कैलाश°।

परेकाले उनीहरूले यसो भनेका होलान्। स्थितिराज मल्लको शिलापत्रमा यस्तो खालको अशुद्धि छैन। स्थितिराज मल्ल, ज्योतिर् मल्ल र यक्ष मल्लका कुँदिएका लेखको संस्कृतभाषाको तुलना गरी भिन्नै लेख लेख्ने मेरो विचार छ।

१६०. जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीको दिन सारिसिद्धचाइएको पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७:§ १.८.१५.१ = १९१-१९५ हेर्नू।

१६१. भाववाची शब्द मोक्षमा भाववाची त्व प्रत्यय थपी अनुस्वार टुटाई बनाइएको अशुद्ध मोक्षत्व शब्दको विषयमा तल १२ पृष्ठको १ कण्डिकामा लेखिएको छ।

१६२. साँच्चै भन्ने हो भने विसर्ग टुटाएकोलाई सन्धिसम्बन्धी गडबडीमा राख्नुपर्ने हो। तर त्यसताकाका लेखमा यस्तो गल्ती प्रशस्त पाइने हुनाले यिनलाई यहाँ भिन्नै राखिएको हो।[१]

१६३. सुश्रद्धया हुनुपर्नेमा सुच्छ्रद्धया लेखिएको कुरा तल ११ पृष्ठमा सन्धिसम्बन्धी गडबडीमा परेको छ।

१६४. कृत यहाँ पुंलिङ्गी हुनुपर्नेमा नपुंसकलिङ्गी भएको विषयमा तल १३ पृष्ठको ३ कण्डिकामा लेखिएको छ।

१६५. तल १७७ सङ्ख्याको टिप्पणी पनि हेर्नू।

१६६. भवतु हुनुपर्नेमा बहुवचनको रूप दिएको कुरा तल १७७ सङ्ख्याको टिप्पणीमा लेखिएको छ। परसवर्ण नगरी भवंतुमा अनुस्वार हालेको विषयमा माथि १५० सङ्ख्याको टिप्पणीमा लेखिइसकेको छ।

१६७. नियमानुसार गीर्पतौ, गीष्पतौ, गीःपतौ वा गी≍पतौ जे लेखे पनि हुन्छ।[२] यहाँ गीस्पतौ लेखिएकोले ष् लेख्नुपर्नेमा स् लेखेको भनी माथि लेखिएको हो। साँच्चै भन्ने हो भने यसलाई सन्धिसम्बन्धी गडबडीमा राख्नुपर्ने हो। तर त्यसताकाका लेखमा ष्स्को छ्यानविचार राम्रो नगरिने हुनाले[३] यसलाई यहाँ राखिएको हो।

---

१. जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीको दिन सारिसिद्धचाइएको पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७:§ १.८.१५.३ = १९६-१९८ हेर्नू।

२ उदाहरणको लागि कालीकुमार दत्त २०२३:१२१ मा ३७४ सङ्ख्याको टिप्पणी हेर्नू।

३. जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीको दिन सारिसिद्धचाइएको पुस्तकमा देखिएको यस्तो अशुद्धिको लागि महेशराज पन्त २०५७:§ १.९.१:५.११.४ = २६५ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्धिसम्बन्धी गडबडी

सवर्णदीर्घसन्धि गर्नुपर्नेमा सन्धि नगरी त्यसै छोडेको[१६८] – ४ पङ्क्तिमा **पुण्येन अनेन** ।

नहुने ठाउँमा छत्व गरेको – ३ पङ्क्तिमा **सुच्छ्द्धया** ।

परसवर्णनियमको विपरीत गएको – ५ पङ्क्तिमा **नेपालसम्बत्सरे** ।[१६९]

रेफ हाल्नुपर्नेमा विसर्गलोप गरेको – ५ पङ्क्तिमा **श्रीराज्यलक्ष्मी भवतु** ।

विसर्गलोप मात्र गरेर छोड्नुपर्नेमा फेरि सवर्णदीर्घसन्धि गरेको – २ पङ्क्तिमा **°संसारदेव्याकृतिं** ।

ओत्व गर्नुपर्नेमा विसर्गलोप गरेको – २१ पङ्क्तिमा **शिवलोक**[१७०] **विष्णु°** ।

अब यस ताम्रपत्रका वाक्यखण्ड वा वाक्य समाएर कुरा अगाडि बढाऔं ।

वामाङ्ग गौरी सह संगताय (१ पङ्क्ति) नै लिऔं । **वामाङ्गे गौर्या सह संगताय** हुनुपर्नेमा **वामाङ्गे** लेख्दा तेस्रो वर्ण गुरु भई छन्दोभङ्ग हुने हुँदा एकार हटाई कुकविले चित्त बुझाएको र सहसँगै तृतीया विभक्ति आउँछ भन्नेसम्म खयाल पनि नराखेको यताबाट स्पष्ट हुन्छ । यक्ष मल्लको ने.सं. ५९७ (वि.सं. १५३३) माघशुक्लत्रयोदशीको शिलालेखमा पनि सहसँगै तृतीया विभक्ति आउँछ भन्ने कुराको खयाल नराखी **द्वंद्वसती सह**[१७१] लेखिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।[१७२]

---

१६८. अलङ्कारशास्त्रअनुसार सन्धि गर्नुपर्नेमा नगर्नुलाई विसन्धि दोषअन्तर्गत सन्धिविश्लेष भनिन्छ ।* पहिलो पाउको अन्त्य वर्ण र दोस्रो पाउको आद्य वर्णमा तथा तेस्रो पाउको अन्त्य वर्ण र चौथो पाउको आद्य वर्णमा सन्धि हुने ठाउँमा सन्धि गर्नैपर्ने काव्यसमय छ ।** यस काव्यसमयको पालना अखिल भारतवर्षका अभिलेखमा र भारतीय लोकयात्राको अनुसरण गर्ने भारतबाहिरका मुलुकहरूमा भएको छ तापनि लिच्छविकालका हाम्रा अभिलेखमा माथिको अवस्थामा सर्वत्र सन्धिविश्लेष देखिन्छ । यस विषयमा भिन्नै लेखको जरूरत छ ।

१६९. क्‌देखि म्‌सम्मको कुनै अक्षर पदान्त म्‌देखि पर भएमा त्यो म्‌ कि अनुस्वारमा बदलिन्छ कि म्‌को ठाउँमा त्यही वर्गको पाँचौं अक्षर बस्छ । यहाँ भने वमा म जोल्टयाई **नेपालसम्वत्सरे** लेखिएको छ । यस ताम्रपत्रको लिपिमा ब र व छुट्टिंदैन । वको उच्चारण ब गरी परसवर्ण गर्ने चलन अशुद्ध भए पनि यो ज्यादै व्यापक छ । यसैले मैले **नेपालसम्बत्सरे** भन्ने पाठ दिएको छु । यस विषयमा महेशराज पन्त २०५७:§ १.४.२ = ९१-९३ मा अलिकति लेखिएको छ ।

१७०. तल १७७ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।

१७१. समस्तपदमा सती अगाडि बसी **सतीद्वंद्वेन सह** हुनुपर्ने हो ।

१७२. महेशराज पन्त २०४५ क:६,७ ।

---

* उदाहरणको लागि *काव्यप्रकाश* ७ उल्लासमा ५३ कारिका, २१० लक्ष्यपछिको गद्यवाक्य र २११ लक्ष्य तथा *साहित्यदर्पण* ७ परिच्छेदको ४ को २ कारिका (हरिदास भट्टाचार्य्य १९९०:४५७), (श) लक्ष्य (उही:४६५), त्यसपछिको गद्यवाक्य र (स) लक्ष्य (उही:४६६) हेर्नू ।

** उदाहरणको लागि वामनको *काव्यालङ्कार* ५ अधिकरणको २ सूत्र र त्यसमा स्वोपज्ञवृत्ति हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भाववाचक **मोक्ष**मा फेरि भाववाचक **त्व** प्रत्यय लगाई **मोक्ष होओस्** भन्ने अर्थमा **मोक्षत्व भूयात्** (२ र ४ पङ्क्ति) लेखिएको छ। यसो गर्दा भाववाचक शब्दमा भाववाचक प्रत्यय मात्र थपिन नगई अनुस्वार पनि टुट्न गएको छ भनी भनिरहनुपर्दैन।

°गवरीसंसारदेव्याकृतिं तत्संस्थाप्य (२ पङ्क्ति)को विषयमा अलिकति लेखौँ। **गौरी** लेख्नुपर्नेमा **गवरी** लेखिएको देख्दा **अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्**को अनुसरण गरेको देखिन्छ। **संसारदेव्याः**को विसर्गलोप भई **संसारदेव्या आकृतिं** हुनुपर्ने हो, तर फेरि **संसारदेव्या**को **आ** र **आकृतिं**को **आ**को सवर्णदीर्घसन्धि गरी बनेको **संसारदेव्याकृतिं**लाई माथि **सन्धिसम्बन्धी गडबडी**मा औँल्याइसकिएको छ। वेददेखि पछिका लेखसम्म यस्ता डबल सन्धि पाइन्छन् भन्ने कुरा यस प्रसङ्गमा भन्नुपर्छ।[१७३] **तत्संस्थाप्य**को **तत्**को सम्बन्ध त्यसभन्दा अगाडि आएको **(आ)कृतिं**सँग भएकोले विशेष्यको जुन लिङ्ग हुन्छ, त्यही लिङ्ग विशेषणको पनि हुन्छ भन्ने नियमको उल्लङ्घन यहाँ भएको छ भनी भनिरहनुपर्दैन। **°क्षेत्र कथितस्** (३ पङ्क्ति)मा विशेष्य **क्षेत्र** नपुंसकलिङ्गी भएकोले **कथित** शब्द पुंलिङ्गी नभई विशेष्यको अनुसरण गरेर **कथितं** हुनुपर्ने हो। यहाँ **क्षेत्र**को अनुस्वार पनि टुटेको छ भनी माथि नै लेखिसकिएको छ।

***शम्भूमाशदृशी यथा भवतु तां शैवे तथा लीयता*॥** (३ पङ्क्ति) भन्ने यस पाउमा परेका अरू कुरा छोडे पनि **तां**को ठाउँमा **सा** हुनुपर्छ भनेर त भन्नैपर्छ। कुकविले लेखेको हिसाबबाट उनले भन्न खोजेको **महादेवमा पार्वती जसरी लीन भइबक्सेको छ, त्यसै गरी उहाँ शिवजीकोमा लीन भइबक्स्योस्** भन्ने नभई **महादेवमा पार्वती जसरी लीन भइबक्सेको छ, त्यसै गरी उहाँलाई शिवजीकोमा लीन गरियोस्** भन्ने भएकोले यहाँ कमसेकम विधेयमा फरक पार्नुपर्थ्यो भनी भनिरहनुपर्दैन।

नेपालभूखण्ड पवित्रयन्तौ श्रीयक्षमल्लौ सह जीवमल्लौ ... स्वर्ग्गपुरं नयन्तु (३-४ पङ्क्ति)मा विभक्ति र वचनको व्यत्यय पटक पटक भएको छ। **भूखण्ड**मा अनुस्वार टुटेको छ भनेर त माथि नै लेखिसकिएको छ।

अब **पक्षत्रये ब्राह्मणसत्समीपे संकल्पयन्तं बहूधा**[१७४] **प्रदानं** (४ पङ्क्ति) भन्ने पद्यार्ध लिऔँ। समस्तपदमा विशेष्यभन्दा विशेषण अगाडि बसी **सद्ब्राह्मण** हुनुपर्नेमा **ब्राह्मणसत्** लेखिएको छ। यसरी अगाडि आउनुपर्ने पद पछाडि बस्न गएकोले यसले यक्ष मल्लको ने.सं. ५९७ (वि.सं. १५३३) माघशुक्लत्रयोदशीको अभिलेखमा आएको **द्वंद्वसती**[१७५] सम्झाएको छ। **संकल्प्य** हुनुपर्नेमा **संकल्पयन्तं** र **प्रदत्तं** हुनुपर्नेमा **प्रदानं** लेखिएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।

मातुः समूद्देशित[१७४] **तत्प्रदानाद्** (४ पङ्क्ति) भन्ने पाउ लिऔँ। **मातृ** शब्द जुन विभक्तिमा यहाँ छ, त्यो यस

---

१७३. उदाहरणको लागि याकोब वकर्नागल २०३४/३५:§ २६८ बे = ३१७, विलियम ड्वाइट ह्विट्नी १९८०/८१:§ १७६ बी = ६० = मुनीश्वर झा २०२७/२८:§ १७६ आ = ६८, फ्याङ्क्लिन एजर्टन २००९/१०:§ ४.१२ = ३२। जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीको दिन सारिसिद्धचाइएको पुस्तकमा देखिएको यस्तो सन्धिको लागि महेशराज पन्त २०५७:§ १.९.२ = २६९-२७१ हेर्नू।

१७४. तर्कुल्ले लाउनुपर्नेमा बर्धन्ने लाएको कुरा § ३ को ३ कण्डिकामा परिसकेको छ।

१७५. माथि सन्धिसम्बन्धी गडबडीमा २ कण्डिका हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्दर्भमा अनुपयुक्त छ। **दिश्** धातु अनिट् भए पनि **णिच्** प्रत्यय हुँदा **समुद्देशित** रूप सम्भव छ तापनि त्यही शब्दमा विभक्ति टुटाइएको र अन्त्यका, समास नहुने अवस्थाका २ शब्दको समास गरिएको छ।

श्रीराज्यलक्ष्मी भवतु ह्यखण्डं (५ पङ्क्ति)मा **भवतु**को अगाडि आएको °**लक्ष्मीः**को विसर्गको ठाउँमा **भवतु**को भमा रेफ हुनुपर्नेमा त्यो टुटेकोले सन्धि बिग्रिएको[१७६] विषयमा त माथि **सन्धिसम्बन्धी गडबडी**मा लेखिसकिएको छ। °**लक्ष्मी**को विशेषण भई आएको **अखण्ड**को नपुंसकत्व अशुद्ध हो भनिरहनु नपर्ला।

अब यस ताम्रपत्रको सबभन्दा पछिल्लो श्लोकको तेस्रो पाउ अर्थात् **हाहाकार कृतं जनस्य निखिलं संत्यक्त लक्ष्म्यास्पदं** (५-६ पङ्क्ति) लिऔं। कुकविले भन्न खोजेको कुरो **सारा मानिसले हाहाकार गरे, लक्ष्मीले ठाउँ छोडिन्** भन्ने हो। यहाँ **हाहाकार**को विसर्ग **क** पर भएमा कायम रहनुपर्नेमा टुटाइएको विषयमा त माथि **विसर्ग टुटाएकोमा** नै लेखिसकिएको छ। विशेष्य **हाहाकार** पुंलिङ्गी भएकोले **कृत** शब्द नपुंसकलिङ्गी नभई विशेष्यको अनुसरण गरेर पुंलिङ्गी **कृतः** (**ज** पर भएकोले **कृतो**) हुनुपर्ने हो। **जनेन निखिलेन** हुनुपर्नेमा **जनस्य निखिलं** लेखिएको छ। **संत्यक्तं लक्ष्म्यास्पदं** हुनुपर्नेमा **संत्यक्त**को अनुस्वार हटाइएको कुरा त माथि **अनुस्वार टुटाएकोमा** नै परिसकेको छ।[१७७]

व्याकरण मिलाई वाक्यरचना गर्न सक्ने ल्याकत यी कविको थिएन भन्ने यतिसम्मका कुराबाट स्पष्ट भएको छ। यक्ष मल्लको अर्को अभिलेखको विषयमा मैले अन्यत्र लेखे जस्तै, **त्यस ताकाका संस्कृतभाषाका लेखमा अशुद्धि भेट्टाउनु नियमै जस्तो भएकोले हाम्रो यस अभिलेख पनि त्यस नियमको अपवादस्वरूप छैन भन्ने कुरा यहाँनिर भन्नुपर्छ।**[१७८] यस ताम्रपत्रको पाठ जसले लेखे उनको मुख्य जोड खालि छन्दोभङ्ग नहोओस् भन्ने मात्र थियो भन्ने देखिन्छ। अनुस्वार हाल्दा छन्दोभङ्ग हुने ठाउँमा मात्र उनले अनुस्वार

---

१७६. जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीको दिन सारिसिद्धचाइएको पुस्तकमा देखिएका यस्ता रूपको लागि महेशराज पन्त २०५७:§ १.८.१५.५ = १९९-२०० हेर्नू।

१७७. नेवारीमा **अंनदान आदिन ൭ थ्वतेता दानया फलन ൭ माम संसारदेवी ठकूरिणिद्वं ൭** लेखिसकेपछि संस्कृत गद्यमा **शिवलोक विष्णुलोक संप्राप्तो भवंतु ॥*** (२१ पङ्क्ति) लेखी बैठान गरिएको यस वाक्यमा नेवारीमा लेखिएको कर्तासँग यहाँको संस्कृत वाक्यांशको अन्वय गर्ने हो भने अघिल्ला २ शब्दको विभक्ति, त्यस-पछिको शब्दको लिङ्ग र क्रियापदको वचन फेर्नुपर्छ।** **संसारदेवी ठकूरिणि**मा जोडिएको **द्वं**लाई कारकसम्बन्धी निमित्तवाची प्रत्यय मान्ने हो भने पनि यो संस्कृत वाक्यखण्डमा क्रियापदको वचन फेर्नुपर्छ भनी भनिरहनु-पर्दैन, सन्धि हुँदा **शिवलो**को र **विष्णुलोक**मा विसर्ग हुनुपर्ने विषय त माथि **सन्धिसम्बन्धी गडबडीमा** र **विसर्ग टुटाएकोमा** क्रमशः परिसकेका छन्।

१७८. महेशराज पन्त २०४५ क:७।

---

* परसवर्ण नगरी अशुद्ध तर आम चलनअनुसार वमा अनुस्वार हालेको कुरा माथि १५० सङ्ख्याको टिप्पणीमा परेको छ।

** परलोक भएका आफ्ना छोरा राज मल्ललाई लख गरी हृषीकेशको मूर्तिस्थापना गरेर ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिक-कृष्णद्वितीयाको दिन राखेको शिलापत्र[+]मा **अनेन दानेन ९ दिवंगतपुत्रजयराजमल्लदेवकुमारः शिवलोकं विष्णुलोकं संप्राप्तो भवतु** भनी लेखिएको कुराको सम्झना यस प्रसङ्गमा सहसा हुन्छ।

\+ महेशराज पन्त छापिन बाँकी:७ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टुटाएकोबाट त्यसको पुष्टि हुन्छ भनी भन्न सकिन्छ। यक्ष मल्लको ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणपूर्णिमाको शिलापत्रमा आएका **शिशुवध कृतवान्**[१७९] र एवं **संरक्षतव्यं**[१८०] **नगर नरवरैर्भूपतेः शासनं हि**[१७९] यसैका थप उदाहरण हुन् । यहाँको स्थिति यस्तो भए तापनि नेवारहरू गद्यमा पनि अनुस्वार टुटाउने हुनाले नेवारहरूका लेखमा टड्कारो देखिने कमजोरी यो हो भनी भन्नुपर्छ ।[१८१] विसर्ग टुटाएको हकमा भने एउटालाई मात्र छन्दोऽनुरोधबाट भन्न सकिने भएकोले,[१८२] अर्कोमा विसर्ग हाल्दा पनि छन्दोभङ्ग नहुने हुनाले[१८३] र अझ अर्कोचाहिँ गद्यमा भएकोले[१८४] अनुस्वारको विषयमा जस्तो छन्दोभङ्ग हुने डरले यहाँ विसर्ग टुटाइयो भनी भन्न मिल्दैन । तर विसर्ग टुटाउनु पनि अनुस्वार टुटाउनु जस्तै नेवारहरूका लेखमा टड्कारो देखिने अर्को कमजोरी हो ।[१८५] यी कविको सामर्थ्य भन्नु नै यिनीसँग शब्दको सानोतिनो मौज्दात हुनु हो भनी निष्कर्षमा भन्न सकिन्छ । त्यसैको आधारमा यिनी जथवातथवा शब्दको प्रयोग गर्थे भन्ने कुराका उदाहरण **स्वर्ग्ग र कैलास** भनेर पुग्नेमा **स्वर्ग्गपुरं**[१८६] (३-४ पङ्क्ति) र **तत्कैलाशपुरं**[१८६] (६ पङ्क्ति) हुन् ।

६. यस ताम्रपत्रको नेवारी खण्डको विषयमा एक दुइ कुरा

कुनै वर्णमा भएको नासिक्यत्व देखाउन त्यस वर्णमाथि सर्वत्र अनुस्वार हालेर नेवारी खण्डमा काम चलाइएको छ । भनाइको मतलब के हो भने कमसेकम अहिलेको उच्चारणअनुसार जहाँ अनुनासिकको चिह्न हुनुपर्थ्यो र जहाँ परसवर्ण गर्नैपर्थ्यो त्यहाँ पनि अनुस्वारले नै काम चलाइएको छ ।

यस खण्डमा वाक्य टुङ्गिइसकेपछि सामान्यतया एउटा दण्ड दिइएको छ तापनि अपवादको रूपमा कहीँ छड्के धर्को[१८७] र कहीँ २ वटा दण्ड[१८८] दिइएको छ । झ्वाट्ट हेर्दा यो सामान्य नियमको व्यत्यास जस्तो देखिन्छ तापनि दिनका दिन साँझबिहान गर्नुपर्ने कुरा लेख्दा वाक्यको अन्त्यमा पनि छड्के धर्को दिइएको र ती सबै कुरा लेखिसकेपछि अन्त्यमा २ वटा दण्ड दिइएकोले र त्यसपछि पर्वपर्वमा गर्नुपर्ने कुराको

---

१७९. उही २०६२ ङ:१८ मा ११-१२ पङ्क्ति ।

१८०. ने.सं. ५०१ (वि.सं. १४३८) भाद्रशुक्लद्वादशीको दिन लेखिसिद्धयाइएको, नेवारी अर्थसहितको *अमरकोष*को पुष्पिका (यो लेख शुरू हुनुभन्दा अगाडि राखिएको कृतितालिकाको ४ सङ्ख्याको टिप्पणी)मा पनि **रक्षितव्यं** नलेखी **रक्षतव्यं** नै लेखिएको यस प्रसङ्गमा सम्झनुपर्छ ।

१८१. महेशराज पन्त २०५७.§ १.८.१५ = १९० ।

१८२. ५-६ पङ्क्तिमा— **हाहाकार कृतं जनस्य निखिलं संत्यक्त लक्ष्म्यास्पदं७**

१८३. ३-४ पङ्क्तिमा— **मातुः समूद्देशकृतार्थहेतो ८ सुच्छ्रद्धया स्वर्ग्गपूरं नयन्तु ॥**

१८४. २१ पङ्क्तिमा— **विष्णुलोक संप्राप्तो भवंतु ॥**

१८५. महेशराज पन्त २०५७.§ १.८.१५ = १९० ।

१८६. मूलमा °पूरं छ । तर्कुल्ले लाउनुपर्नेमा बर्धन्ने लाएको कुरा § ३ को ३ कण्डिकामा परिसकेको छ ।

१८७. ७ पङ्क्तिमा— **हांनेपछि र बियेपछि ।**
८ पङ्क्तिमा— **बियेपछि ।**

१८८. ९ पङ्क्तिमा— **छोयकेपछि ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाक्यको अन्त्यमा एउटा मात्र दण्ड दिँदै गएकोले विचार पुऱ्याएरै फरक फरक विरामचिह्न हालेको देखिन्छ ।

यस ताम्रपत्रमा सङ्ख्या बुझाउँदा **अङ्केऽपि अक्षरेऽपिको** नियमको प्रतिपालन सर्वत्र नभए पनि नापतौल र गन्तीको एकाइ बुझाउँदा सङ्ख्या १ मात्र छ भने **टक**,[१८९] **नापतौल**[१९०] वा **वटा**[१९१] बुझाउने शब्दपछि १ बुझाउन लगाइने **छि** राखेपछि अङ्कमा पनि १ लेखिएको छ । तर नापतौल बुझाउने शब्दपछि आएको **छिमा**[१९२] वा संज्ञामा विभक्ति जोडिँदा सङ्ख्यावाचक शब्द अगाडि बस्दा भने छिपछि[१९३] अङ्क राख्ने गरिएको छैन । अङ्केऽपि अक्षरेऽपिको नियम अन्यत्रचाहिँ यति **नगद**[१९४] र यति **धान**[१९५] भनी तोक्दा मात्र लागेको छ। यी २ प्रसङ्गमध्ये अघिल्लोमा सङ्ख्यावाचक शब्द दिएपछि टकको नाउँ हालेर मात्र अङ्क दिइएको छ[१९४] र पछिल्लोमा चाहिँ सबभन्दा पहिले नापो बुझाउने शब्द, अनि सङ्ख्यावाचक शब्द, अनि फेरि नापो बुझाउने शब्द दिएर मात्र अङ्क दिइएको छ[१९५] । १ ठाउँमा भने नगदमा अक्षर मात्र लेखिएको छ, अङ्क दिइएको छैन ।[१९६] जहाँ जहाँ छि नआई अरू नै सङ्ख्यावाचक शब्द आएको छ त्यहाँ त्यहाँ त्यो शब्द संज्ञाको अगाडि बसेकोले विशेषणको रूपमा त्यो शब्द आएको छ भनी भनिरहनु नपर्ला ।

---

१८९. १५ पङ्क्तिमा– धरि [illegible] दुदु [illegible] घेर [illegible] कस्तिन [illegible] **दम्मछि** १ साषर **दम्मछि** १
१५-१६ पङ्क्तिमा– **दम्मछि** १ दक्षिणा [illegible] गौरीसतं [illegible] पाशुपतिसतंन **दम्मछि** १ दक्षिणा पुजावारीयातं [illegible] **दम्मछि** १

१९०. ८ पङ्क्तिमा– फलके **कूहछि** १ चिकन [illegible] **अष्टाछि** १

१९१. ७ पङ्क्तिमा– मेस धरि **पाटछि** १
२१-२२ पङ्क्तिमा– भो **पाटछि** १
२२ पङ्क्तिमा– कंस वांडलठु **पाटछि** १ सं भोचा **पाटछि** १ कंस सोपारि **द्वाकछि** १

१९२. ६ पङ्क्तिमा– के **कुहछिन** थुया जा [illegible]

१९३. ९ पङ्क्तिमा– इह्रमंढे [illegible] **त्यवछि** केन द्वाको [illegible] छोडाव येंने [illegible]
९-१० पङ्क्तिमा– म्वाटमंढे [illegible] **त्यवछि** केन द्वाको छोडाव येंने [illegible]
१० पङ्क्तिमा– हामलजा [illegible] घेर [illegible] साषर थ्वतेन **फंछि** केन द्वाको येंने [illegible]
चाकुमंढे [illegible] **त्यवछि** केन द्वाको येंने [illegible]
१०-११ पङ्क्तिमा– डोनयेला चतावमंढे [illegible] **त्यवछि** केन द्वाको [illegible] छोडाव येंने [illegible]
११ पङ्क्तिमा– चतावमंढे [illegible] **त्यवछि** केन द्वाको छोडाव येंने [illegible]
कह्नवह्नमंढे [illegible] **त्यवछि** केन द्वाको छोडाव येंने [illegible]
१२ पङ्क्तिमा– ष्वरपमंढे [illegible] टुलिटला क्यं [illegible] **त्यवछि** केन द्वाको येने [illegible]
छ्वसलावो [illegible] फलकेवोन [illegible] **फंछि** केन द्वाको येंने [illegible]
१३ पङ्क्तिमा– सके माडा [illegible] दुदुदाया [illegible] **फंछि** केन द्वाको येंने [illegible]

१९४. १७ पङ्क्तिमा– धरि फलके [illegible] **लाव जिमछ दाम** ११ हाने [illegible]
१८ पङ्क्तिमा– ननिसालया [illegible] **बढंदाम शिवका पि** ४ धारे काये [illegible]

१९५. १७-१८ पङ्क्तिमा– मागल को बूया [illegible] गंगव वा पं [illegible] **ङय पं** ५० धारे प्यंड काये [illegible]

१९६. १६ पङ्क्तिमा– **ह्नस दामन** [illegible] लिं पीट ङयाडाव [illegible] गावो पाटावो हेले [illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. यस ताम्रपत्रको नेवारी भाषाको अर्थ गर्ने सिलसिलामा चालिएको पाइला

यहाँको नेवारी भाषा साढे पाँच सय वर्षभन्दा पुरानो भएकोले र त्यसताकाको नेवारीको कोषव्याकरणको राम्रो परिशीलन अझै भइनसकेकोले यही ताम्रपत्रमा आएका शब्दको सूची थरी थरी ढङ्गले बनाई शब्द केलाउने कोशिश मैले गरें । नेवारीमा भएका ऐतिहासिक उपकरणको अर्थ गर्न मेरो यस पद्धतिबाट मदत मिल्ला भनेर ती सूची यहाँ प्रकाश गरेको छु ।

७.१. यस ताम्रपत्रको नेवारी खण्डमा आएका पदको वर्णक्रमअनुसारको सूची

मैले माथि मूलपाठमा जसरी शब्द छुट्टयाएर पाठ दिएको छु, त्यसरी नै यहाँ तिनको वर्णक्रमअनुसार सूची दिएको छु । यसरी सूची दिंदा मूल शब्दसँग जोडिन आएका प्रत्ययहरूलाई मूल शब्दसँग जोडेर नै यहाँ राखिएको छ, छुट्टयाएर राखिएको छैन । तल शब्द दिइसकेपछि कोष्ठभित्र लेखिएको अङ्कले मूल ताम्रपत्रको पङ्क्ति जनाउँछ ।

अंनदान (२१)
अखण्ड (६)
अमस (७)
अष्टाछि (८)
आदिन (२१, फट्के)
आय (१७)
आयन (१९)
आयस (१९)
इह्मंढे (९)
उदेसन (२०)
उभयस्यं (२१)
कंस (२२ – २ पटक)
कह्वह्न (११)
कह्वह्नमंढे (११)
कस्तिधाज्य[१९७] (१२)
कस्तिन (१५)
कांड्वं (१८)

काये (१८ – २ पटक)
काले (१९, २०)
कुह्छिन (६)
कूह्छि (८)
के (६, ७)
केन (९ – २ पटक, १० - २ पटक, ११ – ३ पटक, १२ – २ पटक, १३ – २ पटक)
को (१३, १७, १८ – २ पटक, १९ – २ पटक)
कोह्न (१०)
कोह्नु (९ – २ पटक, १०, ११ – २ पटक, १२ – ३ पटक, १३, १५)
कोह्नू (१०)
क्यं (७, १२)
क्वाक्वन (१५)
गंग्व (१७)
गाक्व (१९)
गाड्व (१४, फट्के)

१९७. माथि १३८ सङ्ख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गावो (१६)
गुठि (१७)
गुठिन (१९-२०)
गुठियाके (२२)
गुणिला (११)
गौरीद्वं (१५)
गौरीसके (६, ७, ८, १३)
गौरीसकेवो (८)
गौरीसतं (१६)
ग्रासरपो (१९)

घेर (१०, १५)

ङय (१७)
ङ्याङ (१५)
ङ्याङाव (१६)

चंगुणिला (११)
चतावमंढे (१०, ११)
चाकुमंढे (१०)
चि (७)
चिकन (८)
चितला (१०)
चेकन (७)
चोस्यं (१९)
च्वंग्व (२२)

छता (७)
छाये (१५)
छोङाव (९ – २ पटक, ११ – ३ पटक)
छोयके (९)
छ्वसलावो (१२)

जा (६)
जिमछ (१७)
जुधान (१३)
जुरो (२०, २१)
जोगारपे (६)

ट्वलिटला (१२)
ट्वाकछि (२२)

ठकुरिणीस (६, १४)
ठकुरिणीसतं (७, ८, १४)
ठकूरिणिद्वं (२१)
ठकूरिणीसतं (९)
ठाकूरसन (२०, २१)
ठिंसला (९)

डोनयेला (१०)

ढालरपे (१४)
ढालरपेयातं (फट्के)

तकोतावूं (१९)
तया (१७)
ताव (७, ८, १४)
त्यवछि (९ – २ पटक, १०, १०–११, ११ – २ पटक, १२)
त्यवत्या (७)

थंङ (२२)
थुया (६)
थ्यं (१९)
थ्व (७, ८, १७)
थ्वते (१६, १९, २२)
थ्वतेता (२१)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थ्वतेतावुं (१३)
थ्वतेन (७, १०, १३)

दं (१४)
दंशवुं (१५)
दंस (१५)
दक्षिणा (१६ – २ पटक)
दम्मछि (१५ – २ पटक, १५ – १६, १६ – २ पटक)
दानया (२१)
दाम (१७)
दामन (१६)
दि (फट्के)
दिनक्षयसंक्रांति (१०)
दिनप्रति (६)
दिवंगत (२०)
दुतं (१७)
दुखि (७)
दुखी (१४)
दुदु (१५)
दुदुदाया (१३)
दूंता (२१)
देवीस (२०)
देशांतरी (७, १४)
द्वा (१९)
द्वाको (९ – २ पटक, १० – २ पटक, ११ – ३ पटक, १२ – २ पटक, १३ – २ पटक)
द्वाकोवुं (१६, १७ – ३ पटक)
द्वाकोस्तछ (फट्के)

धरि (७, १५, १७)
धरिख्यं (१२)
धारे (१४, १८ – २ पटक)
धुनङाव (१५, १६)

ननिसालया (१८)
नवमि (१२)
निग्रह (२०)
निसराव (८, १३, २२)
नेफा (१३)
नो (१५ – २ पटक)

पं (१७, १८)
पंचामृतन (१५)
पशुपतिसकेवो (८)
पसादचवदश (१०)
पाटछि (७, २१-२२, २२ – २ पटक)
पाटावो (१६)
पालन (८)
पाशुपतिद्वं (१५)
पाशुपतिस (१४)
पाशुपतिसतंन (१६)
पि (१८)
पीट (१६)
पुजावारी (१६, फट्के)
पुजावारीयातं (१६)
पुनिशि (९ – २ पटक, १२, १३)
पूनिशि (१०)
पेकबहार (१९ – २ पटक)
पोओ (७)
पोल (१४)
प्यंड (१८)
प्रतिमा (६)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रभु (२०, २०-२१)
प्वस (९)

फंछि (१०, १२, १३)
फलके (८, १७)
फलकेवोन (१२)
फलन (२१)

बढंदाम (१८)
बांडलठु (२२)
बाहिकन (१३)
बियाव (९)
बिये (७, ८, १४)
बु (फट्के)
बू (१८ – ५ पटक, १९ – ३ पटक)
बूया (१७)
ब्यष्ट (१७)

भंडिरि (१६)
भो (२१)
भोचा (२२)
भोज (१७)
भोजा (६, ७, १३, २१)

मनिस्तरप (२०)
मलदेव (२० – २ पटक)
महनि (१२)
मागल (१७)
माङा (१३)
माठलडुवा (१२-१३)
माम (२१)
मामो (२०)

मुङन (१७)
मेतं (८)
मेत (२२)
मेतां (९)
मेस (७)
म्वाटमंढे (९)
म्वाढगाह (१८, १८-१९, १९, फट्के)

यंने (१३)
याको (१४)
याङन (६)
याये (१५, १७)
यिनकोया (७)
यिनकोयातं (८)
यँने (९, १० – २ पटक, ११ – ३ पटक, १२, १३ – २ पटक, २१)
येने (१०, १२, २२ – २ पटक)

रोव (१८ – ५ पटक, १९ – ३ पटक, फट्के)

लाक्व (२०)
लाव (१७)
लावड (८, फट्के)
लिं (१६)
लिस्यें (१३)
लोभामोहोन (१९)

वंटाबू (१८)
वंधबू (१८)
वसपेयातां (१७)
वा (१७)
विश्वसंक्रांति (११)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिवका (१८)
शीपघाट (१३)
श्रीश्रीजयजक्ष (२०)
श्रीश्रीजयजीव (२०)
श्रीश्रीश्रीपाशुपतिस (२०)

ष्वरपमंढे (१२)

सं (२२)
संवच्छली (१४)
संसारदेवी (६, ७, ८, ९, १४ – २ पटक, २१)
सके (१३)
समस्ता (१७)
साषर (१०, १२, १५)
सिठिं (११)
सुखरात्रि (१२)
सुद्धा (७)
सेले (१५ – २ पटक)
सोपारि (२२)

स्नान (१४, १५)
स्वं (१४)
स्वंकन (१५)
स्वंता (७)
स्वान (१५)

हयिं (८, फट्के)
हांने (७)
हाने (१७)
हामलजा (१०)
हेले (१६)
ह्ङव (७, ८, १३)
ह्रस (१६)
ह्वांवु (१४)
ह्विठंङ (७)
ह्विठंङन (१४)
ह्विठंङाव (८, ९, १४)
ह्वियांवुं (९)
ह्विन (१४)

७.२. यस ताम्रपत्रको नेवारी खण्डमा आएका उही पदको अनेकरूप

यस ताम्रपत्रमा हिज्जेको हिसाबले एकभन्दा बढी रूप भएका शब्दको वर्णक्रमअनुसारको सूची तल दिइएको छ । यिनमा केही शब्द लिपिकरको दोषले र केही शब्द उच्चारण र प्रयोगभेदले अनेकरूपका हुन गएका देखिन्छन् तापनि कुन लिपिकरको दोषले र कुन भेदविशेषले यस्तो हुन गएको हो, त्यो छुट्ट्याउने काम मैले यहाँ गरेको छैन ।[१९७क] तल शब्द दिइसकेपछि कोष्ठभित्र लेखिएको अङ्कले मूल ताम्रपत्रको पङ्क्ति जनाउँछ ।

कोह्न (१०) – **कोह्नु** (९ – २ पटक, १०, ११ – २ पटक, १२ – ३ पटक, १३, १५) – **कोह्नू** (१०)
चिकन (८) – **चेकन** (७)
ठकुरिणी (६, ७, ८, १४ – २ पटक) – **ठकूरिणि** (२१) – **ठकूरिणी** (९)
दंश (१५) – **दंस** (१५)

१९७क. एउटै अक्षरमा कहीं तर्कुल्ले र कहीं बर्धन्ने लेखिएको र उकार छुटेको कुरा माथि १४४ सङ्ख्याको टिप्पणीमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुखि (७) – दुखी (१४)

पं (१७, १८) – फं (१०, १२, १३) – फा (१३)

पशुपति (८) – पाशुपति[१९८] (१४, १५, १६)

पुनिशि (९ – २ पटक, १२, १३) – पूनिशि (१०)

माम (२१) – मामो (२०)

मेतं (८) – मेत (२२) – मेतां (९)

यंने (१३) – येंने (९, १० – २ पटक, ११ – ३ पटक, १२, १३ – २ पटक, २१) – येने (१०, १२, २२ – २ पटक)

यातं (८, १६, फट्के) – यातां (१७)

वुं (९, १३, १५, १६, १७ – ३ पटक) – वु (१४) – वूं (१९)

हांने (७) – हाने (१७)

७.३. यस ताम्रपत्रको नेवारी खण्डमा आएका विभक्ति, प्रत्यय र निपात आदिको वर्णक्रमअनुसारको सूची

मैले माथि मूलपाठमा जसरी शब्द छुट्टयाएर पाठ दिएको छु, त्यसरी नै यस सूचीमा वाक्यको उद्धरण गर्दा ती शब्द दिएको छु। वाक्यमा आएका विभक्ति आदिको वर्णक्रमअनुसार शीर्षक हाली ती वाक्य दिँदा विभक्ति आदिमा झट्ट आँखा परोस् भनी तिनलाई फरक अक्षरमा राखिएको छ। प्रत्यय आदि छुट्ट्याउँदा मूल पदको वर्णमा विकार नभई जोडिन आएकालाई मात्र यस सूचीमा ठाउँ दिइएको छ। रूप उही भएका, तर व्याकरणअनुसार फरक फरक वर्गमा पर्ने भनी आफूले ठानेका विभक्ति, प्रत्यय र निपात आदिलाई भिन्नाभिन्नै सङ्ख्या दिएर यहाँ छुट्टाछुट्टै राखिएको छ। तिनमा जुनचाहिँको उदाहरण बढी छ, त्यो सबभन्दा अगाडि र कमचाहिँ सबभन्दा पछाडि राखिएको छ र उदाहरण उति उति भएको खण्डमा चाहिँ ताम्रपत्रमा जुन पहिलोपटक आएको छ, त्यसलाई अगाडि राखिएको छ। यसरी राख्दा सबभन्दा बढीलाई र उति उति उदाहरण भएकोमा ताम्रपत्रमा सबभन्दा अगाडि आएकोलाई १, तिनभन्दा कम उदाहरण भएकोलाई २, त्यसभन्दा कमकोलाई ३, अझ कमकोलाई ४ र उति नै उदाहरण भए पनि ४ सङ्ख्याको उदाहरणभन्दा ताम्रपत्रमा पछि आएकोलाई ५ सङ्ख्या दिइएको छ। कुनै कुनै विभक्ति र प्रत्यय आदिको अर्थ स्पष्ट पार्नको लागि यक्ष मल्लको पालाका अरू अरू लेखमा देखिएका उदाहरण टिप्पणीमा दिइएका छन्। त्यसरी दिँदा धेरैको पाठ मूलसँग रुजू गरेर दिइएको छ तापनि कुनैकुनैको मूल देख्न नपाइएकोले पूर्वसूरिले पढेको पाठको भर पर्नुपरेको छ। त्यसो भए तापनि संयुक्ताक्षरको वर्णानुपूर्वी मैले आफ्नै ढङ्गले राखेको छु र शब्द जोड्नेछुट्ट्याउनेमा पनि आफ्नै नियम लागू गरेको छु।

---

१९८. ने.सं. ५६० (वि.सं. १४९७) वैशाखशुक्लपञ्चमीको, ताडपत्रमा लेखिएको लिखतपत्र*मा पशुपति होइन कि पासुपति लेखिएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ –

३-४ पङ्क्तिमा – प्रत्ये** धार्ण्णकया दिवंगत पिताः जयचन्दया जलंगेसाः श्रीमतश्रीश्रीपासुपतिस्व अपाभेसके दोहरपेस थ्व बु आबिदिभोगन ज्वंडा जुरो९

---

* महेशराज पन्त २०५०:५८-५९ =१८ सङ्ख्या।

** त्यहाँ भ्रमवश प्रत्य पढिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलको पङ्क्ति

काले

१९-२० ध्वते आयस लोभामोहोन ॰ ग्रासरपो द्वा काले ॰ आयन गाक्व थ्यं ॰ चोस्यं तकोतावूं ॰ गुठिन मनिस्तरप काले ॰ श्रीश्रीश्रीपाशुपतिस निग्रह ॰ लाक्व जुरो९

द्वं १[199]

१४-१५ दं संवच्छली कोह्नु ॰ दंस दंशवुं स्वंकन क्वाक्वन सेले ॰ सेले धुनङाव ॰ गौरीद्वं नो ॰ पाशुपतिद्वं नो ॰ पंचामृतन स्नान याये ॰

---

१९९. ने.सं. ५७३ (वि.सं. १५१०) ज्येष्ठकृष्णदशमीको ताम्रशासन[1]को

१० पङ्क्तिमा – ध्वते अठि भाषास ॰ मनिस्तरपो द्वा काले श्रीश्रीश्रीपशुपतिद्वं ॰ फोडरपा महापातक लाक्व जुरो९

ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णद्वितीयाको शिलापत्र[2]का

२०-२२ पङ्क्तिमा – वांद्दल बु रोव च्यापेक ८ डविनि बु रोव च्यापेक ८ ध्व ने खंड बुन ॰ नेह्नंस्यं ॰ ह्विन छह्नं धारेस्यं ॰ पालनपाल ॰ श्रीश्रीश्रीनारायणद्वं पेये ॰[3]

---

१. महेशराज पन्त छापिन बाँकी:६ सङ्ख्या।

२ उही:७ सङ्ख्या।

